१७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २२७ ॥ २०८२ असोज १४ गते मंगलबार (30th Sep 2025 Tuesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

## झापाका १७३ जना घाइतेलाई ३४ लाख ६० हजार भैपरी खर्च

झापा(प्रस) । जेनजी आन्दोलनमा घाइते झापाका १७३ जना घाइतेले भैपरी खर्च पाउने भएका छन् । उनीहरुलाई जनही २० हजारका दरले सरकारले भैपरी खर्च दिन लागेको हो । भदौ २३ र २४ गतेको आन्दोलनमा घाइते भएका झापाका १७३ जना घाइतेहरुका लागि २० हजारका दरले जम्मा ३४ लाख ६० हजार रुपैयाँ भैपरी खर्च आएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रारम्भिक प्रतिवेदनका आधारमा घाइते भएका व्यक्तिहरुलाई भैपरी खर्च सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत रकम उपलब्ध गराउने गरी प्रथम चरणमा झापा, मोरङ, सुनसरी,



काठमाडौं, ललितपुर, कास्की, सुर्खेत, कैलाली र डडेलधुरामा रकम निकासा गरिएको गृह मन्त्रालयले जनाएको छ । गृह मन्त्रालयका सहायक प्रवक्ता एवम् सूचना अधिकारी रविन्द्र आचार्यले घाइते भई उपचारार्थ अस्पताल जाँदाको विरामी टिकटपुर्जा/कार्डसहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा सम्पर्क राख्न जानकारी गराएका छन् । आइतवार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार भदौ २३ र २४ गते जेनजी युवाहरूको अगुवाईमा भएको प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिहरूलाई पहिचान एवम् सहज र प्रभावकारी उपचारको व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त विवरणका आधारमा गृह मन्त्रालयले आइतवारबाटै परिचयपत्र वितरण गर्ने कार्य प्रारम्भ गरिसकेको छासोही बैठकले घाइतेहरुलाई भैपरी खर्च दिने निर्णय गरेको हो । कतिपय नामहरु दोहोरिएकाले अस्पतालसंग समन्वय गरेर घाइतेहरुको नाम र संख्या यकिन गर्ने कार्य भइरहेको छ । गृह मन्त्रालयबाट आएको रकम सम्बन्धित घाइतेहरुको खातामा जम्मा गर्नेगरी व्यवस्था मिलाउन लागिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

## जेनजी आन्दोलनका घाइतेलाई परिचयपत्र

झापा(प्रस) । गत भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिलाई नेपाल सरकारले परिचयपत्र



वितरण गर्ने भएको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंका अनुसार गृह मन्त्रालयबाट तयार भएका घाइते परिचयपत्र कार्यालयमा आइसकेका छन्। आइतबार एक सूचना जारी गर्दै आन्दोलनमा घाइते भएका केही व्यक्तिहरूको विवरण आइसकेको र बाँकी विवरण प्राप्त हुने क्रममा रहेको जनाएको छ।

कार्यालयले भनेको छ, ' काठमाडौं जिल्लाभित्र रहेका घाइते व्यक्तिहरूको सम्पर्क नम्बर र ठेगाना उपलब्ध गराएपछि घरदैलोमै परिचयपत्र पुऱ्याइने व्यवस्था मिलाइनेछ।' यसका लागि सम्पर्क नम्बर ९८५१३३८३२२ मा विवरण उपलब्ध गराउन घाइतेहरूलाई आग्रह गरिएको छ।

## काँकडभिट्टा आउँदै गरेको बस दुर्घटना हुँदा १४ जना घाइते

झापा(प्रस) । काठमाडौंबाट काँकडभिट्टातर्फ आउँदै गरेको यात्रुवाहक मदन भण्डारी राजमार्गअन्तर्गत सिन्धुली दुधौली नगरपालिका- ५ घारीथुम्सीमा दुर्घटना भएको छ ।बा.प्र.०१-००६ ख ९४२२ नम्बरको बस सोमवार बिहान साढे चार बजे आफैं अनियन्त्रित भई दुर्घटना भएको हो।

दुर्घटनामा बसमा सवार १४जना यात्रु घाइते भएका छन्। घाइतेमध्ये १० जनाको अवस्था मध्यम छ भने बाँकी सामान्य प्रहरीले जनाएको छ । घाइतेको उदयपुरस्थित कटारी अस्पताल र सिन्धुलीको दुधौली नगरपालिका ४ स्थित सिर्थौली अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी प्रवक्ता सूर्यप्रकाश सुवेदीले जानकारी दिए । घाइतेलाई प्रहरी र स्थानीयले उद्धार गरेका थिए। बस आफै अनियन्त्रित भई गलत साईडमा गई सडकदेखि अन्दाजी २२ फिट तल धानबारीमा खसेको हो ।

कटारी अस्पतालमा उपचार भइरहेका घाइतेको विवरणः-

१.जिल्ला काभ्रे धुलिखेल न.पा.२ बस्ने बर्ष २३ का माधव न्यौपाने (बाँया हात र खुट्टामा चोट, सामान्य)
२.जिल्ला झापा कमल गाउँपालिका केर्खा बस्ने बर्ष ३६ का संदिप योङ्खानी (बाँया हात र खुट्टामा चोट सामान्य)
३. झापा दमक न.पा.३ बस्ने बर्ष ३६ की मुना अधिकारी (टाउको,बाँया हात र खुट्टामा चोट,अवस्था मध्यम)
४.निजकी छोरी बर्ष १९ की सुशिला अधिकारी (दाँया हात र खुट्टामा चोट, अवस्था सामान्य)
५. झापा दमक न.पा.१ बस्ने बर्ष ४८ का दिनेश के.सी.खत्री (दाँया पाखुरामा चोट, अवस्था सामान्य)

सिर्थौली अस्पतालमा उपचार भइरहेका घाइतेको विवरणः-

१. मोरङ सुन्दरहरैचा गा.पा.८ बस्ने बर्ष ४३ का लोकबहादुर थापा (टाउको,दाँया खुट्टामा चोट, अवस्था मध्यम)
२. इलाम सूर्योदय न.पा.१४ बस्ने बर्ष २२ की लिला भट्टराई (मुख र टाउकोमा चोट, अवस्था मध्यम)
३. काठमाण्डौं महालक्ष्मी न.पा.७ बस्ने बर्ष ४५ का खेमबहादुर बस्नेत( बाँया हातमा चोट, अवस्था मध्यम)
४.ऐ.ऐ.बस्ने उनकी श्रीमती बर्ष ४५ की चन्द्रकला पोखरेल( मुखमा चोट, अवस्था मध्यम)
५.उनकी छोरी बर्ष १९ की एन्जिला बस्नेत( मुखमा चोट, सामान्य)
६.उनकी छोरी बर्ष १० की अनिषा बस्नेत( दाँया खुट्टामा चोट, अवस्था मध्यम)
७. काठमाण्डौं म.न.पा.३ बस्ने बर्ष ४० की पबित्रा राई (मुख र दाँया खुट्टामा चोट, अवस्था मध्यम)
८. ताप्लेजुङ सिरिङ्वा गा.पा.६ बस्ने बर्ष ५८ का गोपाल कडरिया (टाउकोमा चोट ,सामान्य)
९.झापा बिर्तामोड न.पा.२ बस्ने बर्ष २३ की संगिता हेमरम (दाँत र दाँया खुट्टामा चोट अवस्था मध्यम )

बसमा सवार १७ जना सकुशल रहेको सिन्धुली प्रहरीले जनाएको छ ।

## ' पद छाड्न अहिले पनि बहानाबाजी '



झापा । नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले प्रमुख दलहरूभित्र संकटका बेला नेतृत्वको संरक्षण गर्नुपर्छ भन्ने गलत भाष्य बनाउन लागिएको टिप्पणी गरेका छन् ।

अहिलेको शीर्ष नेतृत्वले पद नछाडे मुलुक फेरि अर्को द्वन्द्वमा जाने उनको विश्लेषण छ । सोमबार काठमाडौंमा पत्रकारहरूसँगको कुराकानीमा महासचिव पोखरेलले शीर्ष नेतृत्वले पद छाड्न अहिले पनि बहानाबाजी गरिरहेको बताएका हुन् ।

'शीर्ष नेताले पद नछाड्नका लागि फेरि पनि रहन बहानाबाजी गर्नेछन्, संकटका बेला नेतृत्वको संरक्षण गर्नुपर्छ भन्ने गलत भाष्य बनाइँदैछ,' भुसालले भने,

'समाजमा बदनाम यही नेतृत्व रहेर दलहरू जनतामा जान सक्दैनन् ।'

नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रमा नेतृत्व नछाड्न बहानाबाजी भइरहेको उनले बताए । 'यी नेताहरु त्यही बसे भने, छाडेनन् भने, यिनले पार्टीभित्र सुधार हुँदैछ भन्ने आशा देखाउन सकेनन् र तगारो बने भने निसन्देह मुलुक अर्को द्वन्द्वतर्फ जान्छ,' भुसालले भने ।

एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' अहिले पनि पार्टी कब्जाको ध्याउन्नमा लागेको आरोप भुसालले लगाए । 'ओलीजी केन्द्रीय कमिटी फेस गर्छु भनेर, एमाले त्यस्तो पार्टीलाई यस्तो बनाउनु भयो, तर रियलाइजेसन छैन । अहिले पनि पार्टी कब्जाको ध्याउन्नमा लाग्नु भएको छ,' भुसालले भने, ' प्रचण्ड आफूले चुनेका प्रतिनिधिबाट फेरि आफैं चुनिएर आउने ध्याउन्नमा हुनुहुन्छ, त्यसले समाजमा विश्वास आर्जन गर्न सकेको छैन ।'

भुसालले राजनीतिक निकासका लागि शीर्ष नेतृत्वले छाड्ने र उनीहरूलाई छाड्न बाध्य पार्नुको विकल्प नरहेको बताए ।

## हर्क साम्पाङको पार्टीको झण्डा नहुने



झापा(प्रस) । धरानका मेयर हर्कराज साम्पाङले 'श्रम संस्कृति पार्टी'को झण्डा नहुने बताएका छन्। उनले पार्टीमा चुनाव चिह्न मात्रै रहने र झण्डा प्रयोग नगर्ने स्पष्ट पारेका हुन्।

साम्पाङका अनुसार पार्टीमा 'कार्यकर्ता' भन्ने शब्द प्रयोग हुने छैन। बरु, सबै सदस्यलाई 'श्रमदाता' भन्ने उल्लेख गर्दै उनले फेसबुकमा भनेका छन्, 'कोही कसैको कार्यकर्ता बन्नु पर्ने छैन, सबैले देशका लागि श्रमदान गर्ने भएकाले ससम्मान श्रमदाता भनिनेछ।' उनले आफ्नो पार्टीमा व्यक्तिको स्वतन्त्र अभिव्यक्ति अधिकारलाई पूर्णरूपमा सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरे। 'ह्वीप जारी गरेर कसैलाई दबाइने छैन,' साम्पाङको भनाइ छ, 'व्यक्तिको बोल्नपाउने अधिकारलाई सम्मान गरिनेछ।' साम्पाङले हालै श्रम संस्कृति पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका छन् ।

## जलविद्युत् आयोजनाको सुरक्षा माग



झापा(प्रस) । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले पछिल्लो समय जलविद्युत् आयोजनामा सुरक्षाको खतरा बढेको भन्दै गृहमन्त्री र ऊर्जामन्त्रीको ध्यानाकर्षण गराएको छ ।

इप्पानले पत्रमार्फत पछिल्लो समयमा निर्माण सम्पन्न, निर्माणाधीन र निर्माणमा जान लागेका आयोजनामा अनधिकृत रूपमा १० प्रतिशत सेयर निःशुल्क माग्ने कार्य भइरहेको भन्दै त्यसलाई रोक्ने व्यवस्था गर्न आग्रह गरिएको जनाएको छ । पत्रमा सिन्धुपाल्चोकमा निर्माण सम्पन्न ४५ मेगावाटको भोटेकोशी जलविद्युत् आयोजनामा भोटेकोशी गाउँपालिकामा जेनजी ग्रुपका नाममा १० प्रतिशत निःशुल्क सेयरलगायतका माग राखेर विगत १७ दिनदेखि विद्युत्गृह बन्द गराइएको उल्लेख छ । यही कारण दैनिक करिब ९८ लाखसहित हालसम्म १६ करोडभन्दा बढी गुमाउनु परेको उल्लेख छ ।

सिन्धुपाल्चोककै जुगल गाउँपालिकाका स्थानीयवासीका नाममा १० जलविद्युत् आयोजनासँग निःशुल्क सेयर मागेर सम्बन्धित आयोजनामा पत्र पठाइएको उल्लेख छ ।

इप्पान प्रतिनिधिमण्डलले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालसँग भेट गरी कनेक्सन एग्रिमेन्ट र पावर पर्चेज एग्रिमेन्ट (पिपिए) का लागि आवेदन दिएका करिब १३ हजार मेगावाटका आयोजना खुलाउन अनुरोध गरेका छन् ।

## धौलागिरि हिमाल आरोहण सुरु

झापा(प्रस) । विश्वको सातौं (८,१६७ मिटर) अग्लो धौलागिरि हिमालमा चालु शरदयामको आरोहण सुरु भएको छ । धौलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा अवस्थित छ ।

सभेन समिट ट्रेक्समार्फत आरोहणका लागि गएका तीन जना नेपाली शेर्पाको सहयोगमा स्पेन, चीन र फ्रान्सका एक/एक जनाले धौलागिरिको सफल आरोहण गरेका हुन् । स्पेनका जर्ज इगोचेगा रोड्रिगेज, चीनका पिङ लु, फ्रान्सका क्याथरिन मार्सेल रोजा बरी, नेपालका पेमा नर्बु शेर्पा, तारमण तामाङ र पेम्बा टासी शेर्पाको टोलीले धौलागिरिको सफल आरोहण गरेका सेभन समिट ट्रेक्सका सञ्चालक मिङमा शेर्पाले जानकारी दिए।

उनका अनुसार १४ शिखर अभियान र सात शिखर पदयात्राका शेर्पाहरुको संयुक्त टोलीले शुक्रबार धौलागिरिको चुचुरोसम्म बाटो खोलेका र 'रोप फिक्सिङ' (डोरी टाँगेका) थिए । पर्यटन विभागका अनुसार शरदयाममा धौलागिरि आरोहणका लागि तीन वटा समूहका सात महिला र १७ पुरुषले अनुमति लिएका छन् । अनुमति लिएकाबाट रु ५० लाख ७१ हजार सलामी दस्तुर (शुल्क) प्राप्त भएको छ । गत वसन्तयाममा दुई वटा समूहका १५ जनाले आरोहण अनुमति लिएवापत रु ३६ लाख ९१ हजार दुई सय ६० राजस्व सङ्कलन भएको थियो । २०२४ को शरदयाममा एक वटा समूहका १४ जना पुरुष पर्वतारोहीहरुले आरोहणको अनुमति लिएकामा रसियाका पाँच जनाको हिउँपहिरोमा पुरिएर ज्यान गएको थियो । छिनछिनमा परिवर्तन हुने मौसम धौलागिरि आरोहणको चुनौती हो । अन्य हिमालको तुलनामा धौलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ । सन् १९६० मे १३ मा अष्ट्रियाका कुर्ट डिम्बर्गरको टोलीले पहिलो पटक धौलागिरि हिमालको सफल आरोहण गरेको थियो ।



# हैजा नियन्त्रणका लागि १० लाख डोज भ्याक्सिन आइपुग्यो

झापा(प्रस) । एक महिनाभन्दा बढी समय देखि फैलिएको पर्सा (वीरगन्ज)को हैजा महामारी नियन्त्रणमा नआएपछि सरकारले भ्याक्सिन दिने भएको छ।

दूषित पानीको सेवनबाट हुने हैजाको एउटै केशलाई पनि जनस्वास्थ्यको हिसाबले महामारी सरह मानिन्छ। यही हैजा संक्रमणले महिना दिनभन्दा बढी समयदेखि वीरगन्जमा फैलिएको छ। तर अहिलेसम्म वीरगन्जको हैजाको न स्रोत पत्ता लागेको छ, न नियन्त्रणमा आएको छ।

यसरी समुदायमा नै फैलिएको हैजा नियन्त्रणमा नआएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वृहत भ्याक्सिन अभियान सुरु गर्न लागेको हो। जसको लागि हालै मात्र विश्व स्वास्थ्य संगठनको समन्वयमा गाभी र अन्तर्राष्ट्रियमा हैजा महामारीमा सहयोग गर्दै आएको संस्था आइसिजेसंगको सहयोगमा १० लाख १८ हजार डोज 'ओरल कलेरा भ्याक्सिन' काठमाडौं आएको हो।

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका खोप शाखा प्रमुख डा अभियान गौतमका अनुसार उक्त भ्याक्सिन हाल टेकुस्थित केन्द्रीय भण्डार कक्षमा रहेको छ। खोप शाखा प्रमुख डा गौतमले भने ' १० लाख १८ हजार डोज खोप ओरल कलेरा भ्याक्सिन आइपुगेको छ अब हामीले दशैँलगत्तै हाल हैजा फैलिरहेको क्षेत्र वीरगन्जमा पठाउछौँ'।

डा गौतमले दशैँलगत्तै हाल हैजा संक्रमण फैलिएको पर्साको १४ वटा र बाराको ६ वटा स्थानीय तहमा अभियानकै रुपमा उक्त भ्याक्सिन दिइने तयारी भएको बताए। ' भर्खरै भ्याक्सिन आइपुग्यो अब दशैँलगत्तै उक्त खोप बारा र पर्साका २० वटा स्थानीय तहमा अभियानकै रुपमा दिने तयारी गरिएको छ' खोप शाखा प्रमुख डा गौतमले भने।

जिल्ला स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत तथा पानीजन्य संक्रमणका फोकल पर्सन जैमद ठाकुरका अनुसार हैजा संक्रमण भदौको पहिला हप्तादेखि देखिन थालेको हैजा महिनाको अन्तिम दिनहरूमा कम हुँदै गएको थियो। तर पछिल्लो ३/४ दिनयता गम्भीर



प्रकारका झाडापखलाका विरामीहरू अस्पताल आउने संख्या पुनः बढेको छ।

ठाकुरका अनुसार हालसम्म १ हजार ६ सय २९ जनामा गम्भीर प्रकारको झाडापखाला र २ सय ४५ जनामा हैजा पुष्टि भइसकेको छ। आइतबार मात्रै थप ७ जना हैजाका नयाँ विरामी भेटिएका छन्।

यसले वीरगन्जको हैजा समुदायस्तरमा नै फैलिएको र अझै नियन्त्रण नआएको पुष्टि भएको छ।

पानीजन्य संक्रमणका फोकल पर्सन ठाकुरले भने ' भदौको अन्तिम दिनहरूमा संक्रमितको संख्या एकदमै घट्दै गएर नियन्त्रणमा थियो तर असोज लागेपछि फेरि गम्भीर प्रकारका झाडापखला लागेर आउने विरामीको संख्या ह्वात्तै बढेको छ यसले गर्दा अझै संक्रमण नियन्त्रण भए जस्तै देखिएको छैन'।

चार वर्षअघि कपिलवस्तु जिल्लामा हैजा फैलिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डब्ल्यूएचओसँग मागेर कपिलवस्तुको हैजा प्रभावित क्षेत्रका अढाई लाखभन्दा बढी बासिन्दालाई 'ओरल कलेरा भ्याक्सिन' दिएको थियो।

त्यस समयमा सनोफी हेल्थ केयर इन्डिया प्रालिले बनाएको उक्त ओरल भ्याक्सिन विश्व स्वास्थ्य संगठन, गाभी र युनिसेफको ग्लोबल स्टकपाइलमा रहेको खोप युनिसेफको सप्लाई डिभिजन नेटवर्क हुँदै नेपालमा दुई लाख ५२ हजार ३६३ मात्रा आएको थियो।

त्यसबेला कपिलवस्तुको कृष्णनगर नगरपालिका-९ बाट असोजको मध्यमा सुरु भएको झाडापखालाको प्रकोप शिवराज नगरपालिका, विजयनगर गाउँपालिका र यशोधरा गाउँपालिकाका बासिन्दामा समेत देखा परेको थियो। त्यसबेला अस्पतालमा भर्ना भएका बिरामीमा दिसा परीक्षण गर्दा उनीहरूमा हैजा भएको प्रमाणित भएको थियो।

दूषित पानीजन्य संक्रमणबाट हुने गम्भीर रोगमध्ये एक हो हैजा महामारी। नेपालमा बर्षातको समयमा हैजा संक्रमणले सताउने गर्छ।

यसअघि २०६६ सालमा जाजरकोटमा हैजा संक्रमण फैलिँदा महामारीकै रूप लिएको थियो। त्यसबेला जाजरकोटबाट फैलिएको हैजा सुर्खेत, दैलेख, रुकुम, रोल्पा लगायत सात जिल्लामा देखा परेको थियो।

त्यतिखेर त्यहाँ हैजाकै कारण धेरैको ज्यान गएको थियो भने त्यहाँका ६० हजारभन्दा धेरै जनतालाई उपचार गराउनु परेको थियो।

काठमाडौं उपत्यकामा पनि सन् २०१५ र २०१६ यता हैजाका बिरामी फाट्टफुट्ट देखिएका थिए। नेपालमा वि.सं. १९९० सालको भूकम्पपछि काठमाडौं उपत्यकामा हैजा महामारीकै रूपमा फैलिएको इतिहास छ।

उस्तै खालका लक्षणहरू देखिने हुँदा धेरै मानिस हैजा र झाडापखालाबाट झुक्किने गरेको पाइन्छ। तर हैजाको जीवाणु शरीरमा प्रवेश गरेपछि मानिसहरूलाई निरन्तर दिसा लाग्छ। उनीहरूको दिसा धेरै पातलो हुने गर्छ। डा बुढाथोकीका अनुसार दिसाबाट चामलको चौलानीजस्तो तरल पदार्थ मानिसको शरीरबाट निरन्तर बगिरहन्छ। त्यसो हुँदा विरामीको शरीरलाई आवश्यक तत्व पनि शरीरबाट बाहिरिन्छन्। शरीरलाई आवश्यक पर्ने तत्व न्यून हुँदै जान्छ। पटकपटक बान्ता आउने, पेट वा खुट्टाका मांसपेशी बाउँडिने जस्ता समस्या अधिकांश विरामीमा देखिने उनले उनको भनाइ छ। तरल पदार्थ धेरै खेर जाने भएकाले बिरामीलाई धेरै तिर्खा लाग्ने उनले बताए। बिरामी धेरै थाक्ने र धेरै खटपट हुने उनको भनाइ छ। केही मानिसमा हैजाको लक्षण नदेखिए पनि सङ्क्रमण भएको हुनसक्छ र उनीहरूको दिसामार्फत लगातार केही दिनसम्म हैजाको जीवाणु बाहिर निस्कन्छ। अधिक कमजोरीका कारण केही मानिसहरू बेहोस नै हुनसक्ने उनले बताए।

# विश्व ट्रेलमा सुनमायाले जितिन् ऐतिहासिक रजत पदक

झापा(प्रस) । नेपालकी अल्ट्रा धाविका सुनमाया बुढाले तेस्रो संस्करणको विश्व माउन्टेन तथा ट्रेल रन च्याम्पियनसिपमा ऐतिहासिक रजत पदक जितेकी छन् ।

स्पेनको क्यानफ्रान्कमा सम्पन्न प्रतियोगितामा सुनमायाले ८२ किलोमिटर लामो दूरीको ट्रेल रनमा



दोस्रो स्थान हात पारेकी हुन् । उनले निर्धारित दूरी १० घण्टा २३ मिनेट ०३ सेकेन्डमा पूरा गरेकी थिइन् । यस इभेन्टमा सुनमायालाई उछिन्दै अमेरिकी धाविका केटी स्चिडेले ९ घण्टा ५७ मिनेट दुरी पूरा गरिन् । इटालीकी फावियो कोन्टी १० घण्टा ३५ मिनेटबाट कांस्य जित्न सफल भइन् ।

विश्व माउन्टेन रनिङ एसोसिएसनले आयोजना गरेको प्रतियोगितामा पहिलो पटक विश्व एथलेटिक्स र इन्टरनेसनल एसोसिएसन अफ अल्ट्रा रनर्सले सहकार्य गरेका थिए । प्रतियोगितामा ८० देशका १ हजार ७ सय खेलाडी सहभागी थिए । यो अहिलेसम्मकै सबैभन्दा ठूलो सहभागिता रहेको थियो ।

नेपाल एडभेन्चर रनिङ महासंघले नेपालबाट सुनमायासहित सुमन कुलुङ, साङ्गे शेर्पा र मनकुमार रोकालाई प्रतियोगितामा सहभागी गराएको थियो ।

८२ किलोमिटर लङ ट्रेलमा सुमन ३२ औं स्थान र मनकुमार ३६ औं स्थानमा दुरी पार गरेका छन् । क्यानफ्राङ्क-पिरिनोसस्थित ५,४१३ मिटर उचाइमा भएको कठिन दौडमा सुनमायाको उपलब्धिले विश्वमा नेपालको अल्ट्रा दौडको उच्च सम्भावना औंल्याएको छ ।

महासंघका अध्यक्ष एकेन्द्र कुँवरले नेपालले प्राप्त गरेको सफलता व्यक्तिगत मात्र नभएर नेपाली ट्रेल रनिङको विश्वस्तरीय उपस्थिति र सम्भावना उजागर गरेको बताएका छन् ।

नेपाली खेलाडीको सहभागितालाई महासंघले सहजीकरण गरेको थियो । खेलाडीहरूले व्यक्तिगत प्रायोजकको सहयोगबाट तयारी र सहभागिता जनाएका थिए । सुमनलाई अस्ट्रियाको डा. सिग्रिड स्वार्जेनबाकर फाउन्डेसनबाट समर्थन प्राप्त भएको थियो भने सुनमाया र मनकुमार मगरलाई कैलाश फुगा एसिया प्यासिफिक एडभेन्चर एथलिट्स टिम र प्रशिक्षक एन्डी डुबोइसले सहयोग गरेका थिए । साङ्गेले पनि कैलाशलाई प्रायोजक बनाएका थिए ।

यो ऐतिहासिक उपलब्धि हासिल गर्न सुनमायालाई २०२४ सिजनले विशेष भूमिका खेल्यो । स्पेनको ट्रान्सभल्केनिया ८० किलोमिटरमा दोस्रो भएकी थिइन्, जसले उनलाई विश्वको उत्कृष्ट ट्रेल रनरमा स्थापित गर्ने मार्गप्रशस्त गरेको थियो ।

अन्तर्राष्ट्रिय यात्राका लागि नेपालीले पहुँच पाउनु अतुलनीय चुनौती भएको बताउँदै टिम संयोजक प्रीति खत्रीले भनिन्, 'सुनमायाको नतिजाबाट व्यक्तिगत रूपमा पनि एकदमै गौरवान्वित छु । यो अद्भूत सफलतामा हिस्सेदार बन्न पाएकोमा आफूलाई भाग्यमानी ठान्छु । नेपाली टोलीलाई समन्वय गर्न सक्षम भएकोमा खुसी छु, जसले यो विश्वस्तरीय प्रदर्शनबाट नेपालको सान बढेको छ । अन्तर्राष्ट्रिय अल्ट्रा-दौडमा नेपालको उदाउँदो उपस्थितिलाई यसले उजागर गरेको छ ।'

# आगजनी र तोडफोडमा दलकै युवाहरूको संलग्नता

झापा । भदौ २३ गते काठमाडौंमा भएको जेन-जी प्रदर्शनमाथि सुरक्षाकर्मीले गोली चलाउँदा १९ जनाको ज्यान गएपछि, भोलिपल्ट भएको देशव्यापी विरोध कार्यक्रम हिंसात्मक बन्न पुग्यो। सिंहदरबार, न्यायालय, संसद् भवन तोडफोड गरेर जलाइयो। छानी छानी नेता र व्यापारिक केन्द्रमाथि आक्रमण भयो। दलका पार्टी कार्यालय जले। विद्यालय जलाइयो। भाटभटेनी जस्ता 'शपिङ सेन्टर' र हिल्टन जस्ता तारे होटल तारोमा परे। त्यहाँ आगजनी र लुटपाट गरियो। संघीय राजधानीमा भएको यस्तो विध्वंसबाट सुदूरपश्चिम प्रदेश पनि बँच्न सकेन। तोडफोड र आगजनीले यो प्रदेशले निकै क्षति ब्यहोर्‍यो। विशेष गरी प्रदेश राजधानी धनगढीमा रहेका सरकारी भवनहरूमाथि आक्रमण भयो।

धनगढीमा भएको त्यस दिनको तोडफोड र आगजनीमा विभिन्न स्वार्थ समूह र दलका युवाहरूको संलग्नता 'डिजिटल फूटप्रिन्ट' मार्फत खुल्न थालेको छ। बिस्तारै प्रत्यक्षदर्शीहरूले पनि मुख खोल्न थालेका छन्। नीति तथा योजना आयोगका सदस्य नृप सुनारले आफू बल्लबल्ल मृत्युको मुखबाट उम्किएको अनुभव सुनाए। आन्दोलनकारीले मुख्यमन्त्री कार्यालय घेराउ गर्न थालेपछि पछाडिको ढोकाबाट भागेर ज्यान जोगाएको बताउने सुनार भन्छन्, ' एकछिनपछि सामाजिक सञ्जालमा भिडियोहरू आउन थाल्यो। त्यसमा नेविसंघ, तरुण दल र युवा संघका भाइबहिनीहरूले आगजनी र तोडफोड गरिरहेका देखिन्थे।' उनको भनाइमा त्यो भीडमा भरतविक्रम शाह एकदमै उग्र देखिन्थे। उनकी आमा चन्द्रलक्ष्मी शाह नेपाली कांग्रेस, जिल्ला सदस्य हुन्।

मुख्यमन्त्री कार्यालयबाट शुरू भएको त्यो दिनको तोडफोड र आगजनी सरकारी कार्यालय, नेताहरूको घर, सरकारी गाडी र प्रमुख दलका कार्यालयमाथि केन्द्रित थियो। एउटा समूहले धनगढी बजारबाट १६ किमी उत्तरमा पर्ने अत्तरियामा रहेको एमाले पोलिटब्यूरो सदस्य तथा पूर्वमन्त्री लेखराज भट्टको घरमा तोडफोड र आगजनी गर्‍यो। लेखराजका भाइ गोकर्ण भट्टका अनुसार, त्यस दिन आगजनी र तोडफोड गर्ने व्यक्तिहरू राप्रपा र एमालेका कार्यकर्तासहित केही व्यापारीहरू पनि थिए। गोकर्ण भन्छन्, 'तोडफोड, आगजनीमा २ वटा घर, ट्र्याक्टर परे। खाद्यान्न लगायत लत्ताकपडा लुटे। २२ तोला सुनको गहना र तीन लाख नगद गरी पाँच करोडभन्दा बढीको क्षति भएको छ।'

मानव अधिकारकर्मी गोमा आचार्यले त्यस दिनको सामाजिक सञ्जालमा तोडफोड तथा आगजनीका छरपस्ट तस्वीर र भिडियोहरूमा विभिन्न दलका युवाहरू नै अग्रपंक्तिमा देखिन्। कञ्चनपुर, दोधारा-चाँदनी



नगरपालिकाको तरुण दलका सभापति सन्दिप बस्नेतले टिकटकमा सार्वजनिक गरेको भिडियोमा नेपाली कांग्रेस पार्टी कार्यालय, एमाले पार्टी कार्यालय, नगरप्रमुख पदम बोगटीको घर, प्रदेश सभा सदस्य प्रकाश रावलको घर र पूर्वनगर प्रमुख सुरेन्द्र विष्टको घर ध्वस्त पारेको स्वीकारेका छन्। उनले त्यही भिडियोमा नेताहरूको घर छानी छानी खोज्ने धम्की दिएका छन्।' अहिले भने उनले यो टिकटक हटाएका छन्। धनगढी□ वडा नम्बर- १ मा रहेको नेकपा एमाले जिल्ला पार्टी कार्यालयमा पनि आक्रमण भएको थियो। त्यस दिन जिल्ला अध्यक्ष यज्ञराज ढुंगाना काठमाडौंमा थिए। उनी भन्छन्, 'पार्टी कार्यालयमा तोडफोड गर्ने उग्र युवाको भिडियो सार्वजनिक भएपछि को होला भनेर सोधिखोजी गर्दा उनी धनगढी उपमहानगरपालिकाका पूर्वप्रमुख नृप वडको छोरा निखिल वड पो रहेछन्। नृप वड नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुन्। ढुंगानाको भनाइमा आन्दोलनमा पार्टीभित्रका असन्तुष्ट कार्यकर्ताहरूको सहभागिता देखिन्छ। जेन-जी आन्दोलनमा दलकै युवाहरू किन संलग्न भए? किन ती आफ्नै दलसम्बद्ध भौतिक संरचना र नेताका घर तोडफोड गर्न अग्रसर भए? हेमराज जोशीसहित एमालेका जेन-जी समूहले भदौ २७ गते 'पार्टी रिफर्म रिभ्योलूसन' फेसबुक खोलेर दललाई लोकतान्त्रीकरण गर्ने भन्दै अभियान थालेका छन्। यो पेज विभिन्न विषयमाथि गरेको छलफलको निचोड नेतृत्वसमक्ष राखेर बहस गर्न भनी खोलिएको हेमराजको भनाइ थियो। जेन-जी आन्दोलनको मर्म मर्न नदिने भन्दै जोशी भन्छन्, 'पार्टी सुध्रिनु पर्छ। पार्टीभित्र विधिको शासन हुनुपर्छ। पार्टी भ्रष्टाचाररहित हुनुपर्छ भनेर यो अभियान चलाएका हौं।'

जोशीको भनाइमा□ यदि नेतृत्वले गुटगत राजनीति र शक्तिको राजनीतिक स्वार्थसँग मात्रै सरोकार नराखी जनताको समस्या अथवा पार्टीभित्रको फरक मतलाई कसरी व्यवस्थापन गर्ने भनी सोचेको भए भदौ २३ र २४ गतेको अवस्था आउने थिएन। 'जब बलियो मान्छे अगाडि बढ्न थाल्छ तब असल मान्छे किनारामा पर्दै जान्छ□ पार्टीभित्र त्यही देखियो। तिनको सवाल सुनिन छाड्यो। आन्तरिक लोकतन्त्र खतम भयो।' जोशी भन्छन्, 'सत्ता र शक्तिमा पहुँच नहुनेले दुःख मात्रै पाउन थालेपछि असन्तुष्ट र बेरोजगार युवाहरूले आन्दोलनको बाटो रोजे।'

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अनेरास्ववियू) का जिल्ला अध्यक्ष कुबेर खड्का पनि जेन-जी आन्दोलनमा थिए। खड्का भन्छन्, 'भदौ २३ को आन्दोलनको सवाल एकदमै सान्दर्भिक थियो। तर भोलिपल्ट आन्दोलन 'हाइज्याक' भयो र वितण्डा मच्चियो। त्यसको फाइदा दलका कार्यकर्ताले रिसईबी साँध्न पनि उठाएको देखिन्छ।'

खड्काको भनाइसँग नेपाली कांग्रेसको भ्रातृसंगठन तरुण दलका जिल्ला सदस्य नवीन रावलको कथन मिल्दोजुल्दो छ। रावलका अनुसार, भदौ २४ गतेको भीडमा कोही 'राजा चाहियो' भन्दै उफ्रिरहेका थिए भने केहीले अराजकताबाट फाइदा उठाइ लुटपाट गरिरहेका थिए। अधिकांश दल सम्बद्ध युवाहरू भने देशमा भ्रष्टाचार बढेकै कारण रिस पोख्न भदौ २३ गतेदेखि नै आन्दोलनमा सहभागी थिए। उनी भन्छन्, 'त्यही भएर जेन-जीहरू आफ्नै नेता र दल विरुद्ध सडकमा ओर्लिए। सरकारले दमन गरेर त्यो आक्रोशलाई झन् भड्काइदिएपछि भदौ २४ को घटना भयो।'

धनगढी नजिकैको कैलारी गाउँपालिकामा भएको एउटा घटनाले पनि त्यस्तै संकेत गर्छ। विभिन्न दलसम्बद्ध युवाहरूले भदौ २३ मा मारिएकाहरूको स्मरणमा गाउँपालिका कार्यालय परिसरमा शोकसभाको आयोजना गरेका थिए। त्यहाँ बेलुकी मान्छेको जमघट भइरहेको थियो। अचानक त्यहाँको वातावरण झगडामा परिणत भयो। कार्यक्रम स्थलमा छिरेका राष्ट्रिय स्वतन्त्र पार्टीका स्थानीय नेता झनक खनाल, नेपाली कांग्रेस क्षेत्रीय सचिव राजु बराल, काङ्ग्रेस कार्यकर्ता एकेन्द्र बोहरा, नागरिक उन्मुक्ति पार्टीका स्थानीय नेता रमित वली, कैलारी गाउँपालिका वडा नं. २ विजयपुरस्थित राष्ट्रिय माविका व्यवस्थापन समितिका अध्यक्ष नवीन बोहरा र नमूना होटलका सञ्चालक तेज बरायल लगायतका व्यक्तिहरू ढोकाभित्र छिरेर निहुँ खोज्दै तोडफोडमा उत्रिए। उनीहरूले गाउँपालिका भवन तोडफोड र आगजनी गरे।

तोडफोड सम्बन्धमा शोकसभा आयोजना गर्ने एक जना दलका स्थानीय कार्यकर्ताको भनाइमा २०७९ सालको स्थानीय निर्वाचनमा आफूलाई गाउँपालिका अध्यक्षको टिकट नदिएपछि दलमा विद्रोह गरेका नवीन बोहराले स्वतन्त्र उम्मेदवारी दिए, तर उनी हारे। अध्यक्षमा नेपाली कांग्रेसकै राजसमझ चौधरीले जिते। त्यसैले नवीनले आफ्ना साथीहरू ल्याई शोकसभा बिथोल्नुका साथै गाउँपालिका नै तोडफोड र आगजनी गरिदिएको नाम बताउन नचाहने ती कार्यकर्ता सुनाउँछन्।

भदौ २४ गतेको तोडफोड र आगजनीमा सुदूरपश्चिम प्रदेश सरकारले ठूलो क्षति ब्यहोर्नु पर्‍यो। घटनामा ११५ वटा सरकारी कार्यालयमा तोडफोड र आगजनी भयो। १२४ वटा चारपांग्रे गाडी, ६ वटा तीन पाङ्ग्रे, ५५४ वटा, १५ वटा मोटरसाइकल, ६९९ वटा सवारी साधन ध्वस्त पारिएको प्रदेश प्रहरी कार्यालयका डीआईजी डम्मर बिकले जानकारी दिए। उनका अनुसार ३५ वटा सर्वसाधारणको घर, विभिन्न दलका ३४ वटा कार्यालय र १६ वटा प्रहरी कार्यालयमा तोडफोड र आगजनी भएको छ। डीआईजी बिकले आन्दोलनको नाममा अराजक तरिकाले तोडफोड र आगजनीमा संलग्नहरूको पहिचान गर्न सहज होस् भनी भिडियोहरू संकलन भइरहेको जानकारी दिए।

आन्दोलनमा सहभागी विभिन्न दलमा आवद्ध धनगढी आसपासका युवाहरूका भनाइ सुन्दा अब दलमा लोकतान्त्रिक अभ्यास नगरी नेतृत्वलाई धरै छैन। दलभित्रका युवाहरू आफ्ना नेताका अलोकतान्त्रिक शैली र सरकारी संयन्त्रमा मौलाएको भ्रष्टाचारप्रति आक्रोशित छन्। युवाहरूलाई नेतृत्वमा ल्याउन नचाहने नेताहरूप्रति रुष्ट छन्। हेमराज जोशी भन्छन्, 'त्यसैले हामी जेन-जीले पार्टी शुद्धीकरण अभियानको थालनी गरेका हौं। हामी चाहन्छौं पाटीभित्र हाम्रा मागहरूको बहस होस्। युवाहरूका विचार आओस्। सक्षम मान्छे नेतृत्वमा पुगोस्। भ्रष्टाचारमुक्त समाज होस्।'

# ओली र लेखक लगायतसँग दसैँपछि बयान

झापा(प्रस) ।भदौ २३ र २४ भएको जेनजी आन्दोलनका क्रममा भएको जनधन क्षतिबारे जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसहितका उच्च अधिकारीलाई अनुसन्धानको दायरामा राख्दै बयान लिने तयारी गरेको छ । जाँचबुझ आयोगले आइतबारमात्रै ओली र लेखकसहित पूर्वगृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख हुतराज थापा र काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजालको पासपोर्ट रोक्कासहित उपत्यका छाड्नुपर्दा आयोगको अनुमति लिएर मात्र छाड्नुपर्ने निर्णय गरेको थियो ।

'भाद्र २३ र २४ गतेको घटनाहरूको छानबिन तथा जाँचबुझको सिलसिलामा तपसिल बमोजिमका व्यक्तिहरू अनुसन्धानको दायरामा रहेको हुँदा निजहरूको विदेश भ्रमण रोक लगाउन आवश्यक कारबाही गर्नुहुन तथा छानबिनका लागि कुनै पनि समयमा आयोगमा उपस्थित हुनुपर्ने हुँदा आयोगको स्वीकृतिबेगर काठमाडौँ उपत्यका छाड्न नपाउने व्यवस्था गर्न गराउनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने',आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

आयोगका सदस्य विज्ञानराज शर्माका अनुसार पूर्वप्रधानमन्त्री ओलीसहितका पदाधिकारी अनुसन्धानको दायरामा रहेकाले अव उनीहरुसँग प्रक्रिया मिलाएर बयान लिने काम अघि बढ्ने छ । उनका अनुसार सोमबारबाट दसैँ बिदा परेकाले उनीहरूसँगको बयान लिने काम पनि दसैँपछि मात्र हुनेछ ।

## दसैँमा राष्ट्रपतिको सन्देश
# निर्वाचन समयमै सम्पन्न गर्न संयमित बनौं

झापा(प्रस) ।राष्ट्रपति रामचन्द्र पौडेलले तोकिएको निर्वाचन समयमै सम्पन्न गरी जनप्रतिनिधिमूलक संसद् र सरकारको निरन्तरताका लागि सबैलाई संयमित हुन आग्रह गरेका छन्। वडादसैं पर्वका अवसरमा सोमबार शुभकामना सन्देश जारी गर्दै राष्ट्रपति पौडेलले फागुन २१ लाई तोकिएको प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्न सबैबिच सहकार्यको जरुरी औंल्याएका हुन् । 'मुलुकमा उत्पन्न भएको विषय तथा असाधारण परिस्थिति एवम् मानवीय क्षति तथा सरकारी, संस्थागत र निजी क्षेत्रमा भएको भौतिक तथा अन्य क्षतिलाई उपयुक्त व्यवस्थापन गरी तोकिएको निर्वाचन समयमै सम्पन्न गरी जनप्रतिनिधि मूलक संसद् र सरकारको निरन्तरताका लागि सबैलाई संयमित भई आवश्यक सहयोग र सहकार्य गरी मुलुकमा उत्पन्न सबै प्रकृतिका सस्यहरूको हल गर्न तथा यस परिस्थितिबाट शीघ्र उन्मुक्ति प्राप्त गरी समग्र राष्ट्रको कल्याणका लागि दुर्गा भवानीले शक्ति प्रदान गरून् भन्ने प्रार्थना गर्दै मुलुकमा सुख, शान्ति, स्थायित्व, सुशासन र समृद्धिको कामना गर्दछु,' राष्ट्रपतिले दिएको शुभकामना सन्देशमा भनिएको छ ।

मानसिक स्वास्थ्य प्रति सचेत बनौं।

- निराश हुनु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

मानसिक रोगका लक्षण हुन्

मानसिक समस्या निदानको लागिः
- नियमित व्यायाम गरौ,
- आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# ‘ओलीसंग डराउँछन् एमाले नेता कार्यकर्ता’

झापा । जेनजी आन्दोलनपछि बसेको नेकपा एमालेको सचिवालय बैठकमा पार्टी पुनर्गठनको विषय उठेको छ । गुण्डुस्थित अध्यक्ष केपी शर्मा ओलीको निवासमा आइतबार बसेको बैठकमा नेताहरूले पार्टी पुनर्गठनको उठाएका हुन् ।

झण्डै ६ घण्टा चलेको बैठकमा भदौ २३ र २४ गतेको घटनाबारे समीक्षा हुनुपर्ने र पार्टी अब परम्परागत ढंगले अगाडि बढ्न नसक्ने भनेर बहस भएको नेताहरू बताउँछन् ।

बैठकमा खुलेर नेताहरूले अध्यक्षलाई पद छाड्न दबाब त दिएनन्, तर त्यस्तै आशय भने व्यक्त गरे । तलदेखि माथिल्लो तहसम्मै पार्टी पुनर्गठन हुनुपर्ने भनेर आवाज उठाए । सचिव टोपबहादुर रायमाझी निलम्बनमा परेकाले हाल एमालेमा अध्यक्ष ओलसहित १८ पदाधिकारी छन्, जसलाई पार्टीले सचिवालय भनेको ।

सचिवालयमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल तथा उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी, शाक्य, रामबहादुर थापा बादल, विष्णु पौडेल, सुरेन्द्र पाण्डे र गुरुप्रसाद बराल छन् ।

त्यस्तै, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णुप्रसाद रिमाल गरी तथा सचिवहरू लेखराज भट्ट, गोकर्ण विष्ट, योगेश भट्टराई, छविलाल विश्वकर्मा, रघुवीर महासेठ र पद्माकुमारी अर्याल पनि सचिवालयमा छन् ।

१८ पदाधिकारीमा यसअघि उपाध्यक्ष रामबहादुर थापा बादल र विष्णु पौडेल, उपमहासचिव प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, सचिव लेखराज भट्टसहितका नेता ओलीको पक्षमा खुलेर बहसमा उत्रिन्थे । तर, आइतबारको सचिवालय बैठकसम्म आइपुग्दा यी नेताले जेनजी आन्दोलन हुनुको पछाडि पार्टी नेतृत्वकै कमजोरी रहेको भनेर कुरा उठाएको नेताहरू बताउँछन् । उनीहरूले पार्टी पुनर्गठनको पक्षमा लबिङ गरेका थिए ।

१८ पदाधिकारीमा ओलीको पक्षमा प्रस्टसँग खुल्नेमा महासचिव शंकर पोखरेल र उपमहासचिव विष्णु रिमाल मात्रै देखिएका छन् । उपाध्यक्ष बादल, पौडेल, उपमहासचिव गुरुङ र सचिव भट्टले घुमाउरो हिसाबले पार्टीले अत्यधिक क्षति भोग्नुपरेको बताएका थिए ।

यसैले निर्मम समीक्षाले मात्रै पार्टीको परम्परागत धार फर्किने मत राखेका थिए । सरकारमा जाँदा भएका कमजोरी र नेतृत्वको कमजोरीले जेनजी रिसाएको तथा कार्यकर्ता पलायनको स्थिति आएको समेत केही पदाधिकारीले बताएको एक नेता बताउँछन् ।

‘समस्या भनेर अध्यक्षकै टाउकोमा सबैथोक हाल्न खोजिएको होइन । तर, सरकारमा जाँदा पार्टीले क्षति बेहोर्‍यो । जनता/कार्यकर्ता टाढिए । एमाले युवालाई माया गर्ने पार्टी भनिएको छ । तर, जेनजी हामीसँग किन रिसाए ? कार्यकर्ता पलायन हुने स्थिति कसरी आयो ? यसमा समीक्षा नगरी अगाडि बढ्न सकिँदैन भन्ने निष्कर्ष निकालिएको छ,’ ती पदाधिकारीले भने, ‘हामी नै सरकारमा हुँदा यस्तो उथलपुथल हुने घटनाको आधार बन्दा पनि हामीले किन भेउ पाएनौं ? यसैले यी विषयमा गम्भीर समीक्षा गरेर पार्टी पुनर्गठन नगरे थप क्षति बेहोर्नुपर्छ भन्ने कोणबाट साथीहरूले कुरा उठाउनुभएको छ ।’ अध्यक्ष ओलीले आफूले भ्रष्टाचार नगरेको, सुशासनका लागि काम गरेको भन्दै देशी-विदेशीले खेल्दा यो स्थिति आएको भनेर प्रतिरक्षा गरेका थिए । चौतर्फी षड्यन्त्र हुँदा सुरक्षाकर्मीले पनि साथ नदिएको ओलीको भनाइ थियो ।

परिस्थिति एमालेले सोचेभन्दा गम्भीर रहेको भन्दै अधिकांश नेताले आइतबार ओलीको प्रतिरक्षा गरेनन् । बरु चुनौतीलाई पार लगाउन अब पार्टी सञ्चालनको परम्परागत शैलीबाट माथि उठ्नुपर्ने बताएका थिए ।

जेनजीको आन्दोलनपछि हामीले हिजो प्रारम्भिक कुरा मात्रै गर्‍यौं । पार्टीका चुनौतीलाई कसरी चिर्ने भनेर थप छलफलको आवश्यकता छ । सचिवालयका अधिकांश सदस्यले प्रारम्भिक भनाइ राख्नुभएको छ,’ उपमहासचिव पृथ्वीसुब्बा गुरुङले भने, ‘अब कसरी अगाडि बढ्ने भन्नेमा पुनः सचिवालय र केन्द्रीय कमिटीको बैठकमा आवश्यक छलफल हुन्छ ।’

यसअघिदेखि नै वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, सचिव गोकर्ण विष्ट, योगेश भट्टराईसहितका पदाधिकारी ओलीको कार्यशैलीसँग असहमत बन्दै आएका थिए । उनीहरूले पनि आइतबार अब निर्मम समीक्षा र सुधारको बाटोमा अगाडि नबढे पार्टीले नै ठूलो क्षति बेहोर्नुपर्ने मत राखेका थिए ।

यसअघि ओलीको पक्षमा खुलेर बहस/पैरवी गर्दै आएका महासचिव शंकर पोखरेल र उपमहासचिव विष्णु रिमाल पनि रक्षात्मक देखिएको एक नेताले जानकारी दिए ।

‘महासचिव कमरेड र उपमहासचिव रिमाल यसअघि खुलेरै अध्यक्ष-अध्यक्ष भनिरहनुभएको थियो,’ एमालेका एक पदाधिकारी भन्छन्, ‘तर, आइतबार उहाँहरूले पार्टीका विधि, प्रक्रिया, यसबीचमा भएका कामबारे बोल्नुभयो । तर, अरू पदाधिकारीले अब यसरी हुँदैन भनेर मत राखेपछि उहाँहरूलाई पनि नेतृत्वको प्रतिरक्षा गर्न सहज भएन ।’

जेनजी आन्दोलनको दुई दिनअघि मात्रै ओलीले विधान महाधिवेशनबाट ७० वर्षे उमेरहद र दुई कार्यकालको प्रावधान हटाएका थिए ।

अर्कोतिर, पार्टी राजनीतिमा होमिन खोजेकी विद्या भण्डारीले पनि दबाब बढाइरहेकी छन् । यही बेला जेनजी आन्दोलनको निशानामा परेपछि ओली थप रक्षात्मक भएका हुन् ।



अधिकांश सचिवालय सदस्यले निर्मम समीक्षाको माग गरेपछि दशैंलगत्तै सचिवालय बैठक र असोज २७ देखि २९ गतेसम्म केन्द्रीय समिति बैठक बोलाइएको छ ।

पार्टी नेतृत्व रक्षात्मक बन्नु परेपछि एमालेलाई छिट्टै महाधिवेशन गर्नुपर्ने दबाब समेत बढेको छ । बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले थुप्रै चुनौतीलाई चिर्नुपर्ने आवश्यकता रहेकाले केन्द्रीय कमिटीको बैठकपछि छिट्टै महाधिवेशन गर्ने प्रस्ट्याए ।

‘पार्टीलाई नयाँ ढंगले अगाडि बढाउनुपर्ने छ । यसका लागि नीतिमा पुनर्व्याख्या गर्नुपर्नेछ । नेतृत्वमा, कार्यशैलीमा, आचरणमा कहाँ सुधार गर्ने, चुनौतीलाई कसरी चिर्ने भन्नेमा छौं,’ ज्ञवालीले भने, ‘केन्द्रीय कमिटी बैठकपछि छिट्टै महाधिवेशनमा पनि जाने छौं । सबै प्रश्नको छिनोफानो पार्टीका स्थापित विधि र प्रक्रियाबाट गर्छौं ।’जेनजीको आन्दोलनपछि एमालेसहितका प्रमुख दलमाथि नेतृत्व र कार्यशैली बदल्न दबाब बढेको छ । पार्टीभित्रै पनि अब पुरानो नेतृत्वले छाड्नुपर्ने र रुपान्तरणको बाटोमा अगाडि बढ्नुपर्ने मत बलियो बनेको छ ।

पार्टीभित्र रक्षात्मक अवस्थामा पुगे पनि जेनजी आन्दोलनपछि बनेको सरकारले प्रतिशोध साँधेको विषयलाई एमालेले मुख्य एजेन्डा बनाएको छ ।

जेनजीको आन्दोलनपछि विकसित घटनाक्रमको समीक्षा गर्न बसेको बैठक सरकारले गरेको प्रतिशोधको राजनीतिबारे मुख्य निर्णय गरेर सकिएको थियो ।

२३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगले पार्टी अध्यक्षसहितका पाँच जनाको राहदानी रोक्ने निर्णय गरेको विषयलाई एमालेले प्रतिशोधको राजनीति भनेको छ ।


‘आयोगको यस्तो सिफारिसप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ,’ ज्ञवालीले भने, ‘यो प्रतिशोधको निर्णय हो । गृह मन्त्रालयमार्फत मिडिया ट्रायल गराएर दशैंको मौका पारेर गरिएको यस राजनीतिक प्रतिशोधयुक्त कदमप्रति सचिवालयले आपत्ति व्यक्त गरेको छ । यसले जाँचबुझ आयोगको विश्वसनीयतामाथि प्रश्न चिह्न खडा गरिदिएको छ ।’

आइतबार मात्रै आयोगले ओलीसहित तत्कालीन गृहमन्त्री रमेश लेखक, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, तत्कालीन राष्ट्रिय अनुसन्धान प्रमुख हुतराज थापा र तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई उपत्यका छाड्न नपाउने व्यवस्था मिलाउन सिफारिस गरेको थियो । पार्टी नेतृत्वमा गम्भीर प्रश्न उठेका बेला ओलीलाई सरकारको यो कदमले भने पार्टीपंक्तिको सहानुभूति मिलेको छ ।

जेनजीको आन्दोलनपछि ओलीले भदौ २४ गते राजीनामा दिएका थिए । त्यसपछि पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा भदौ २७ गते अन्तरिम सरकार गठन भएको थियो । सरकार गठन भएपछि मन्त्रिपरिषद्को सिफारिसमा प्रतिनिधिसभा विघटन गरेर फागुन २१ गतेका लागि नयाँ चुनाव घोषणा गरिएको छ ।

एकातिर दलविरुद्ध प्रतिशोध र अर्कोतिर निषेध र धम्कीले ५ महिनामा चुनाव हुन कठिन रहेको समेत एमालेको भनाइ छ । ‘सरकार प्रतिशोधको बाटो हिँड्यो । राजनीतिक प्रतिशोधको बाटोमा हिँडेको देखिइसकेको छ । लामो इतिहास भएको दललाई पन्छाउने मात्रै होइन, निषेध गरेर जान खोजिएको छ । सरकार बनेको यत्तिका समय हुँदासम्म दलसँग संवाद, सम्पर्क र समन्वय छैन । निषेधको बाटोमा छ । त्यसैले यी घटनाप्रति चिन्तित छौं,’ ज्ञवालीले भने, ‘विभिन्न समूहले भौतिक क्षतिको कुरा गरेका छन्, तर सरकार बोल्दैन । अन्तर्वार्तामा निषेध र प्रतिबन्ध, चुनावमा भाग लिन दिन्नौं भन्ने धम्की छन् । तर, सरकार यीबारे केही बोल्दैन । चुनावमा भाग लिएर वैधता हुन दिन्नौं । यस्तोले ५ महिनाभित्र चुनाव हुन्छ भन्ने संकेत गर्छ र ? सबैभन्दा पहिले यी प्रश्नको छिनोफानो हुनुपर्छ ।’

# रातो पासपोर्ट र परिचयपत्र बुझाउन रास्वपाको निर्देशन



झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टीले सबै तहका नेताहरूले चाडपर्वका दौरान शुभकामना पत्रहरूबाहेक कुनै किसिमको उपहार स्वीकार नगर्न निर्देशन दिएको छ ।

साथै रास्वपाले पार्टीका पूर्व सबै सांसदहरूलाई यथाशीघ्र रातो पासपोर्ट र सांसदको परिचयपत्र संघीय संसद् सचिवालयमा बुझाउन पनि भनेको छ ।

‘पार्टीका पूर्व सांसदहरूले यथाशीघ्र रातो पासपोर्ट र सांसदको परिचयपत्र संघीय संसद् सचिवालयमा बुझाउन अनुरोध गरिन्छ’, प्रवक्ता मनिष झाले सोमबार विज्ञप्ति जारी गर्दै भनेका छन् ।

जेनजीको अगुवाइमा भएको सुशासनको लागि परिवर्तनको महत्वपूर्ण आन्दोलनका क्रममा ७५ जनाको ज्यान गएको अवस्थामा राष्ट्रिय शोकको घडीमा रहेकाले यसपटक पार्टीको ब्यानर र झन्डा प्रयोग गरेर कुनै किसिमको चाडपर्व सम्बन्धित कार्यक्रम आयोजना नगर्न नगराउन पनि रास्वपाले सबै तहका पार्टीपंक्तिमा अनुरोध गरेको छ ।

# प्रधानमन्त्रीले दसैंको टीका नलगाउने



झापा(प्रस) । प्रधानमन्त्री सुशीला कार्कीले यस वर्ष दसैंको टीकाजमरा नलगाउने भएकी छन् । जेन-जी आन्दोलनका क्रममा धेरै युवाले ज्यान गुमाउनुपरेको भन्दै टीका नलगाउने उनको स्वकीय सचिवालयले जनाएको छ ।

‘बडादसैं प्रत्येक वर्ष हर्सोल्लासका साथ मनाउने चाड भए तापनि हालै सम्पन्न युवापुस्ताको आन्दोलनको क्रममा धेरै युवाले आफ्नो ज्यान गुमाउनुपरेको पीडा हाम्रासामु रहेको’ प्रसंग उल्लेख गर्दै प्रधानमन्त्रीको सचिवायलद्वारा जारी विज्ञप्तिमा कार्कीले टीका जमरा नलगाउने पनि उल्लेख छ । ‘यस वर्ष प्रधानमन्त्रीले बडादसैंको टीकाजमरा नलगाउने र देशवासीलाई समेत टीका लगाउने कार्यक्रम नरहेको’ सचिवालयले जनाएको छ ।

यस्तै, प्रधानममन्त्री कार्कीले दसैंको शुभकामना सन्देश दिँदै सरकार तोकेकै मितिमा निर्वाचन गर्न कटिबद्ध रहेको बताएकी छन् । युवा पुस्ताको अभुतपूर्व आन्दोलनको जगमा वर्तमान सरकार गठन भएकाले सुशासन कायम गर्न सरकार प्रतिबद्ध रहेको उनले उल्लेख गरेकी छन् ।

समग्र राष्ट्रको कल्याणका लागि दुर्गा भवानीले शक्ति प्रदान गरून् भन्ने कामना गर्दै उनले मुलुकमा सुख, शान्ति, स्थायित्व, सुशासन र समृद्धिको मार्गमा अघि बढ्ने सङ्कल्प गरी देश विकासमा लाग्न म सबैमा अपिल गरेकी छन् ।दसैंले पारिवारिक मिलन, सामाजिक मेलमिलाप र सद्भाव बढाउन मद्दत गरोस् भन्ने उनको कामना छ ।

# करेन्ट लागेर विद्युत कर्मचारी गंभीर घाइते

झापा(प्रस) । झापाको दमकमा करेन्ट लागेर एकजना विद्युत कर्मचारी गंभीर घाइते भएका छन् ।

आइतवार दिउँसो ३ बजेतिर वर्षीय तिलोचन बराललाई अचानक करेन्ट लागेको थियो । दाहिने हातमा करेन्ट लागेर लडेका बराललाई बिराट टिचिङ अस्पताल बिराटनगरमा लगि



दमक नगरपालिका वडा न.८ बालुवाटारमा बिजुलीको पोलमा सडक बत्ती मर्मत गर्ने क्रममा बिद्युतको काम गर्ने करार कर्मचारी दमक ८ का ४३ उपचार भइरहेको छ । उनको टाउको, दाहिने हात, बायाँ आँखामा चोट लागेको छ । अवस्था बोल्न नसक्ने गम्भीर रहेको प्रहरीले जनाएको छ ।




२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोपाइटर : बिरबहादुर धमला
सुवास ज्वेलर्स परिवार
बिर्तामोड (रत्न सुपर मार्केट) झापा




२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : जीवन खड्का
नेपाल औषधी व्यबसायी संघ
झापा जिल्ला शाखा कार्यालय परिवार
दमक, झापा

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्भनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ